**हेलो सरकार : नागरिक सरोकार**

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

त्यसैले हेलो सरकारमा गुनासो गरौं । सार्वजनिक निकायमा भएका कमी कमजोर, सेवा प्राप्तिमा वञ्चित, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं । कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको नि:शुल्क टेलिफोन नम्बर ११११ मा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १८८ | काठमाडौं | शुक्रबार, १७ कात्तिक २०८० | Prabhab National Daily | Friday, November 3, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।-

# राष्ट्रपति र प्रधानमन्त्रीलाई सर्वोच्चको सबक

जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने, कम गर्ने छोट्याउने गरी भएका कामकारबाही, सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय र सो सम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ

**सर्वोच्च अदालत**

रिगललाई रिहा गर्ने प्रक्रियामा जोडिएका राष्ट्रपति र सरकारमाथि गम्भीर नैतिक प्रश्न उठेको छ

**डा. कृष्णकुमार तामाङ**
अपराधशास्त्री तथा कानुन व्यवसायी

■ **जेबी योञ्जन**

**काठमाडौं–** राजनीतिक स्वार्थप्रेरित भएर मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले हत्या अभियोगमा जन्मकैद सजाय भोगिरहेका गुन्डा नाइके योगराज ढकाल (रिगल)को १२ वर्ष कैद माफी गरेको निर्णय उल्टिएको छ ।

कायममुकायम प्रधानन्यायाधीश ईश्वरप्रसाद खतिवडा, न्यायाधीशहरू सपना प्रधान मल्ल र डा. कुमार चुँडालको पूर्ण इजलासले रिगलको कैद माफीलाई कानुनविपरीत भएको ठहर गर्दै कैद माफीको निर्णय बदर गरिदिएको हो ।

'प्रत्यर्थीमध्येका रिगल ढकाललाई कर्तव्य ज्यान मुद्दामा सुरु बाँके जिल्ला र उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासबाट हुने ठहर गरिएको जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने, कम गर्ने छोट्याउने गरी भएका कामकारबाही, सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय र सो सम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ', सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलले आदेशको संक्षिप्त विवरण सुनाए ।

यससँगै न्यायको लडाइँमा भारती शेर्पा (मानन्धर)को जित भएको छ । उनी दसैंअघि लामो समय काठमाडौंको माइतीघरमा धर्नामा बसिन् । दसैं सकेपछि पनि उनी धर्नामै थिइन् । धर्नामा बस्नुअघि भने उनले मन्त्रिपरिषद्को सिफारिसमा कैद कट्टी गरेर माफी दिन राष्ट्रपतिले गरेको निर्णयपछि रिगल छुटिएसँगै सर्वोच्चमा रिट दिएकी थिइन् । उक्त रिटमाथि सुनुवाई बुधबार सकिएको थियो । आदेश चाहिँ बिहीबार आएको हो ।

आदेशले राष्ट्रपति पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहालमाथि नैतिक प्रश्न उठाएको छ । गम्भीर प्रकृतिको फौजदारी मुद्दाका कैदीलाई ६० प्रतिशत कैद कट्टा गरेर रिहा गर्न नहुने भन्ने सबक सिकाएको अपराधशास्त्रीसमेत रहेका कानुन व्यवसायी डा. कृष्णकुमार तामाङले बताए ।

'राजनीतिको आडमा कानुनी छिद्रहरूलाई प्रयोग गरेर जसरी अपराधीहरूलाई ६० प्रतिशत कैद कट्टी गरेर छुटाइन्थ्यो । यो सरासर कानुनविपरीत हो भन्ने सर्वोच्चले बोल्यो', उनले प्रभावसँग भने, 'यसले गर्दा रिगललाई रिहा गर्ने प्रक्रियामा जोडिएका राष्ट्रपति र सरकारमाथि गम्भीर नैतिक प्रश्न उठेको छ ।' संविधान दिवसको अवसरमा गत ३ असोजमा रिगल रिहा भएका थिए । त्यसबेला उनी कारागारदेखि बाहिरिँदा समर्थकहरूले निकै तामझाम गरेको थियो ।

जतिबेला उनले कारागारदेखि बाहिरिँदै गर्दा ११ वर्ष ११ महिना ५ दिन कैद भुक्तान गर्न बाँकी थियो । जुन जन्मकैदको ६० प्रतिशत भुक्तानी गर्न बाँकी कैद हो । तर, उनका लागि राष्ट्रपति र रक्षामन्त्री पूर्णबहादुर खड्काको कृपा भयो । गृहसचिव दिनेश भट्टराई पनि रिगलका लागि दाहिने भए । यसकारण मिलेमतोमै कैद कट्टीको सामान्य मान्यतालाई समेत बेवास्ता गरी सरकारले रिगलको कैद कट्टी गराउने निर्णय लिएको थियो । त्यसक्रममा त्रूटि देखिए पनि राष्ट्रपतिले आँखा चिम्लेर सदर गरिदिए ।

(बाँकी पृष्ठ २ मा)



अदालतको आदेशपछि रुँदै सर्वोच्चको भुँई ढोग्दै भारती शेर्पा ।

## पीडितको सहमति अनिवार्य

कैदीहरू कैद छुट पाएर कैदमुक्त हुँदा अबदेखि पीडितको सहमति आवश्यक पर्ने भएको छ । कैदीलाई कैदमुक्त गर्दा उसको सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिको पाटो पनि हेरिनुपर्ने आदेशमा छ ।

सर्वोच्चले संविधानप्रदत्त अपराध पीडितको हक एवं न्याय पाउने हक, अपराध पीडित संरक्षण ऐन, २०७५ मा भएको कानुनी व्यवस्था लगायतका आधारमा कसुरदारले पाउने सुविधालाई अपराध पीडितको स्वीकार्यतासँग जोडिनुपर्ने भनेर व्याख्या गरेको हो ।

'पीडकलाई भएको सजाय घटी वा कम गर्दा पीडित पक्षको सहमति वा मञ्जुरी लिनु अनिवार्य बन्दछ र पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्था पनि गरिनुपर्ने हुन्छ', आदेशमा छ ।

# सदनमा ६५ बैठक कानुन संशोधन एउटामात्र



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद कानुन बनाउने थलो हो । यहाँ निर्वाचित भएर आउने सांसदहरूलाई विधायकसमेत भन्छन् । प्रतिनिधि सभामा हाल प्रत्यक्ष निर्वाचित र समानुपातिक गरी २७५ सांसद् छन् । सांसद्हरूको मुख्य जिम्मेवारी कानुन बनाउनु हो ।

तर सांसद्हरू सदनमा ठुलोठुलो आवाजमा बोल्नेबाहेक कानुन बनाउन भने उदासीन देखिन्छन् । प्रतिनिधिसभाको दोस्रो अधिवेशन २०८० वैशाख २४ बाट शुरु भएको थियो । बिहीबारसम्ममा एक सय ८० दिन चालु रहेको दोस्रो अधिवेशनमा ६५ पटक बैठक बस्यो । यो अवधिमा संघीय संसद्को संयुक्त सदनको जम्मा छवटा बैठक बसेको थियो ।

यस अवधिमा प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ५६ को उपनियम (५) को व्यवस्था बमोजिम २०८० जेठ ४ गते, असार ८ र भदौ १२ गतेको बैठकमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

त्यस्तै सभाको पहिलो बैठकमा पेस भएको 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०' लाई मिति २०८० वैशाख २७ गते बसेको बैठकले स्वीकृत गरेको थियो ।

**कानुन संशोधन एउटामात्र**

महत्वपूर्ण मानिएको सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक र संक्रमणकालीन न्यायसम्बन्धी टीआरसी विधेयक पारित गराउने प्रयास गरे पनि चालु अधिवेशनले यसबारे केही निर्णय लिन सकेन । जबकि मिनि संसद मानिने संसदीय समितिले सम्पत्ति सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धि केही ऐन संशोधन गर्न बनेको विधेयक -२०७९ दफावार छलफल चलाएर सदनमा पेश गरिसकेको छ । असोज २५ गते कानुन, न्याय तथा मानव अधिकार समितिले सदनमा उक्त विधेयक पेश गरेको थियो ।

यसबीचमा प्रतिनिधि सभाले जम्मा एउटा मिटरब्याज पीडितसँग सम्बन्धित मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक मात्र पारित गरेको हो ।

सरकारले मिटरब्याज पीडितको आन्दोलनपछि ल्याएको अध्यादेशलाई प्रतिस्थापन गर्न उक्त विधेयक राष्ट्रिय सभामा पेश गरेको थियो । उक्त विधेयक समेत ६० दिनको संवैधानिक समयसीमा कटाएर पारित गरिएको थियो । प्रतिनिधि सभामा उत्पत्ति भएका कुनै पनि विधेयक अहिलेसम्म पारित भएको छैन । राष्ट्रिय सभाले पहिलो अधिवेशनका दौरान पठाएका ८ वटामध्ये ७ वटा विधेयक अझै प्रतिनिधि सभाका समितिमा अल्झिएका छन् ।

त्यस्तै, प्रतिनिधि सभाको पहिलो अधिवेशनमा दर्ता भएका ३ वटै विधेयक अहिलेसम्म समितिमा विचाराधीन छ । सभाको यस अधिवेशनमा प्रतिनिधिसभामा आठवटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएको थियो । जसमध्ये तीनवटा विधेयक संघीय संसद्को दुवै सदनबाट पारित भएका छन् । ती बजेटसँग सम्बन्धित विनियोजन विधेयक र त्यसका पूरक विधेयक थिए ।

त्यसैगरी राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' सभाबाट पारित भइसकेको छ भने 'नेपाल विश्वविद्यालय विधेयक, २०८०' सम्बन्धित समितिमा विचाराधीन रहेको छ ।

(बाँकी पृष्ठ २ मा)

- गत निर्वाचनपछि प्रतिनिधिसभाको दोस्रो अधिवेशनमा ६५ पटक बैठक बस्यो
- महत्वपूर्ण मानिएको सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक र संक्रमणकालीन न्यायसम्बन्धी टीआरसी विधेयक थाँती राखेरै अधिवेशन अन्त्य गराएको छ
- बैशाखबाट शुरू भएको यो अधिवेशनले मिटरब्याज पीडितसँग सम्बन्धित मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमात्र पारित गरेको हो

**सन्दर्भ : वैदेशिक रोजगार**

# वैदेशिक रोगजारमा गएका चार लाख सामाजिक सुरक्षा कोषमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सञ्चालनमा ल्याएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनाअन्तर्गत ७ महिनाको अवधिमा रोजगारीको लागि विदेश जाने झन्डै ४ लाख श्रमिक सूचीकृत भएका छन् । औपचारिक क्षेत्रका श्रमिकमात्रै समावेश गर्दै आएको सरकारले यस योजनामा गत वर्षको चैत पहिलो साताबाट वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई सूचीकृत गर्ने व्यवस्था गरेपछि हालसम्म ३ लाख ९१ हजार ३०१ श्रमिक आवद्ध भएको सामाजिक सुरक्षा कोषले जनाएको छ ।

सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था अनुरूप वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृतिकै समयमा कोषमा योगदान गर्नुपर्ने हुन्छ भने विदेशमा रहेका श्रमिकहरूले श्रम स्वीकृति नवीकरण गर्नेबेला अथवा अगावै पनि योगदान गर्न सक्नेछन् । सामाजिक सुरक्षा योजनामा आबद्ध भएका श्रमिकमार्फत हालसम्म ७६ करोड १६ लाख ७० हजार रूपैयाँभन्दा बढी रकम योगदान गरेको कोषले जनाएको छ ।

रोजगारीका क्रममा विदेशमा रहेकाभन्दा पनि नयाँ श्रम स्वीकृति लिएर जाने श्रमिकहरूको सुरक्षा योजनामा आबद्धता बढी रहेको र श्रमिक विदेश जानु अगावै योगदान रकम पनि वृद्धि हुँदै गएको कोषका प्रवक्ता विवेक पन्थीले बताए । 'अहिलेसम्म सुरक्षा योजनामा सहभागी भएकामध्ये अधिकांश वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिन आवेदन दिएका श्रमिक रहेका छन्,' उनले भने, 'विदेशमा रहेका श्रमिकहरू पनि विस्तारै योजनामा आबद्ध हुने क्रम बढ्दो छ, यसका लागि जनचेतनाको काम पनि सँगसँगै गरिरहेका छौं ।'

वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनाका लागि २६ करोड ६२ लाख ७५ हजार ५९१ रूपैयाँ र वृद्ध अवस्था सुरक्षा योजनाका लागि ४९ करोड ५३ लाख ९४ हजार ६३१ रूपैयाँ योगदान गरेको प्रवक्ता पन्थीले बताए । उनका अनुसार सरकारले सुरक्षा योजनामा वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका नेपालीको सहभागिता बढाउन प्रमुख श्रम गन्तव्यका नियोगलाईसमेत अनुरोध गरिएको छ । त्यस्तै श्रम स्वीकृति नवीकरण गर्ने बेला नभएका श्रमिकहरू पनि वैदेशिक रोजगार विभाग र सामाजिक सुरक्षा कोषको सहकार्यमा तयार गरिएको अनलाइन प्रणालीमार्फत सूचीकृत हुनसक्ने व्यवस्था मिलाइएको कोषले जनाएको छ ।

वैदेशिक रोजगारीमा ४० लाख नेपाली श्रमिक रहेको अनुमान गरिए पनि २२ लाखलाई समेट्ने कोषको तयारी छ । सुरक्षा योजनामा आबद्ध हुन चाहने श्रमिकले मासिक न्यूनतम दुई हजार तीन सय रूपैयाँ योगदान गर्नुपर्नेछ भने अधिकतम २८ हजार १५५ रूपैयाँसम्म योगदान गर्न सक्नेछन् । सरकारले कोषमा छ महिनासम्मको एकमुष्ट रकम जम्मा गरे १० प्रतिशत छुट दिने व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षा योजनामा आबद्ध भएपछि वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा सुविधा पाउनेछन् । योगदानकर्ताले आफूले जम्मा गरेको रकम र कोषले लगानी गर्ने उक्त रकमबाट प्राप्त हुने प्रतिफललाई जोडेर हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकमलाई वृद्धावस्थामा निवृत्तिभरणबापत मासिकरूपमा लिन सकिने व्यवस्था कोषले गरेको छ ।

यतिमात्र नभई कुनै कारण योगदानकर्ता दुर्घटनामा परे एक लाख रूपैयाँसम्म उपचार खर्च पाउनेछन् । त्यस्तै विदेशमा रहेका योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले निवृत्तिभरण, सन्ततिलाई शैक्षिक वृत्ति र अन्तिम संस्कार खर्च उपलब्ध गराउने कोषले जनाएको छ । त्यसैगरी जुनसुकै कारणबाट मृत्यु भए पनि न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशतका दरले जीवनभर निवृत्तिभरण पाउने जनाइएको छ ।

## नक्कली कागजात बनाउने दुई जना पक्राउ

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृतिलगायतका नक्कली कागजात बनाउने गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गोरखाको बारपाक सुलिकोट गाउँपालिका- ४ घर भई हाल काठमाडौं वनस्थली बस्ने २३ वर्षका अजित फेवाली र रानीवन बस्ने विपिन ढकाल रहेका छन् ।

उनीहरू दुबै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले सोल्टीमोडबाट पक्राउ गरेको बताइएको छ । यही कात्तिक १२ गते भिजिट भिसामा विदेश जान हिडेका व्यक्तिहरूको कागजात शंकास्पद देखिएको भन्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालबाट अनुसन्धानको लागि प्रहरीलाई पठाइएको कागजातहरूमध्ये सुजल हेङ्जुको श्रम स्वीकृति नक्कली देखिन आएको प्रहरीले जनाएको छ ।

रोजगारीको लागि विदेश हिडेका हेङ्जुको श्रम स्वीकृति नक्कली फेला परेपछि अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागको कार्यालय नजिकै सोल्टिमोडमा रहेको वैदेशिक रोजगारी सम्बन्धी काम गर्ने ट्राभल्सका सञ्चालक फेवाली र ढकालले नक्कली कागजात बनाउने गरेको भेटिएको प्रहरीले उल्लेख गरेको छ । साथै पक्राउ परेका उनीहरूको ट्राभल्सबाट मोबाइल, कम्प्युटरलगायतका सामग्रीसमेत बरामद गरी थप अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त कालिमाटी पठाइएको प्रहरी उपरिक्षक मिलन केसीले जानकारी दिए ।

आदरणीय व्यवसायी ज्यूहरु,

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रति व्यवसायी ज्यूहरुको आस्था र अपेक्षाको हमेशा संघले सम्मान गर्दै आईरहेको र व्यवसायीक हक र हितका सम्बन्धमा अहोरात्र खट्दै आईरहेको बिषय विधितै छ , नेपाली नागरिक भएका नाताले देश प्रति र वैदेशिक रोजगार व्यवसायी भएका नाताले छाता संघ प्रति मनैबाट आश्था र सम्मान प्रस्तुत गर्ने हेतु यस संघमा आबद्द सदस्य सस्था हरुका प्रमुख बस्ने कार्यालयको टेबलको दाँया नेपालको झण्डा र बाँया संघको व्यवसायीक झण्डा अनिवार्य राख्न यसै सूचना मार्फत सूचित गरिन्छ । आशा छ व्यवसायीज्यूहरुले आफ्नो आस्थाको धरोहरलाई जिवीत राख्नुहुनेछ ।

नोट : व्यवसायीक झण्डा संघ मार्फत उपलब्ध गराईनेछ।

कर्णराज कटुवाल
का. वा. महासचिव

डिक बहादुर खत्री (कुमार)
का. वा. अध्यक्ष

नेपाल बैदेशिक रोजगार ब्यवसायी संघ
तिलगंगा-८, काठमाडौ, फोन नं. ०१-४५८०८६९ / ४५८४४१८

## राष्ट्रपति र...

पष्ठ १ बाट जारी

यी तथ्यहरूले बाँकेका चेतन मानन्धरको हत्या घटनाका मुख्य नाइके भनिएका रिगलको कैद कट्टी गर्ने निर्णय राजनीतिक आधारमा भएको थियो । घटनाअघि रिगल कांग्रेसको तरुण दलमा आबद्ध थिए । उनी हप्ता असुली धन्दामा थिए । चेतनले अवरोध पुऱ्याएको भन्दै २८ असार २०७२ मा खुँडाले हानेर हत्या गरेको न्यायालयले ठहर गरेको थियो । यसपछि केही समय भारत गएका उनले 'इन्काउन्टर'मा परिने डरले प्रहरीसामु आत्मसमर्पण गरेका हुन् ।

बिहीबार पनि सर्वोच्चको आदेशसँगै आत्मसमर्पण गरे । उनलाई अदालतले तत्काल पक्राउ गरेर बाँकी कैद भुक्तान गराउन आदेश दिएको थियो ।

'निज प्रत्यर्थी रिगल ढकाललाई तत्काल पक्राउ गरी उल्लेख भए बमोजिम कर्तव्य ज्यान मुद्दामा ठहर भएको जन्मकैदमध्ये निजबाट असुल हुन बाँकी देखिएको ११ वर्ष ११ महिना ५ दिन कैद कारागारमा राखी कानुनबमोजिम असुल गर्नू,', आदेशमा भनिएको छ ।

रिगललाई जेल फेरि पठाउनुमा सर्वोच्चले पाँच आधार प्रस्तुत गरेको छ । पहिलो, रिगलको आपराधिक मनसाय थियो । आदेशमा भनिएको छ, 'चेतन मानन्धरको मृत्यु हात कुहिनाको जोर्नीबाट काटिएको कारणबाट भएको कुरामा विवाद छैन । घटनारवारदातलाई अपराधिक मनसायपूर्वक सुनियोजित रूपमा गरिएको कार्य भनी मान्नुपर्ने हुन्छ', सर्वोच्चको पहिलो आधार हो ।'

दोस्रो, रिगलले कैद छुटको सुविधा पाउँदा एउटै घटनामा संलग्नहरू अन्यले त्यस्तो सुविधा पाएनन् । हुन पनि कसुरदार ठहर भएका मोहनलाल खड्का, प्रेमध्वज केसी, नवराज खत्री लगायतहरू पनि जेलमै छन् । तर, रिगललाई छुटाउनुलाई सर्वोच्चले विभेद भनेको छ ।

आदेशमा छ, 'यसो गर्नुको कुनै अभिव्यक्त कारण खुल्न आएको पनि पाइएन । स्वच्छता, निष्पक्षता र समान व्यवहारका दृष्टिले हेर्दा यस पक्षमा पनि प्रश्न उपस्थित हुनु स्वाभाविक देखिन्छ ।'

तेस्रो आधारको रूपमा सर्वोच्चले विचाराधीन मुद्दाका पीडकको कैद कट्टी गर्न नहुने र संवैधानिक रूपमा नपाउने भन्दै व्याख्या गरेको छ । रिगलको मुद्दालाई पनि सर्वोच्चले विचाराधीन भनेको छ । सर्वोच्चमा चेतनको हत्या घटनामा पक्राउ परेका अन्य ६ जनाले सर्वोच्चमा पुनरावेदन गरेका छन् । त्यही भएर सर्वोच्चले रिगलको मुद्दालाई विचाराधीन भनेको हो ।

चौंथो कारण भने चालचलन । रिगलको चालचलनमा पनि सुधार नदेखिएको सर्वोच्चको आदेशमा छ । यी चार कारणले रिगल कैदमाफीयोग्य नभएको ठहर गरेको छ । यसै वर्ष रिगलजस्तै ज्यानै मारेको अभियोगमा जेल परेका १ सय ७० जनालाई पनि सरकारले माफी मिनाह गरेर घर पठाएको थियो ।

कानुनी राजको धज्जी उडाउने यस्तो निर्णय संविधान दिवसकै अवसर (३ असोज)मा गरिएको थियो । सरकारले असोज ३ मा ६ सय ७० जना कैदीलाई माफी दिएको थियो । अपराधशास्त्री तथा कानुन व्यवसायी तामाङका अनुसार अब यस्ता व्यक्तिहरूको सजाय माफीमाथि पनि न्यायिक पुनर्विचार आवश्यकता देखिएको छ । उनले पीडित पक्ष कैद माफी पाएकाहरूविरुद्ध फेरि रिट लिएर सर्वोच्च जाने मार्ग खोलिएको पनि बताए ।

## सदनमा ६५...

पष्ठ १ बाट जारी

सभाको पहिलो अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त सातवटा विधेयक सम्बन्धित समितिमा विचाराधीन नै रहेका छन् । प्रतिनिधिसभाको चालु अधिवेशनमा सदस्यहरूबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित एक सय ६२ वटा मौखिक र छवटा लिखित प्रश्नमध्ये एक सय २९ वटा मौखिक र तीनवटा लिखित प्रश्नको उत्तर प्राप्त भएकामा सभाको विभिन्न बैठकमा १५ वटा मौखिक प्रश्नको सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो । प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ४५ को उपनियम (३) बमोजिम उत्तर प्राप्त भएका बाँकी मौखिक र लिखित प्रश्नको उत्तर सभामा टेबुल भएका छन् ।

त्यसैगरी २०८० भदौ ६ गतेको बैठकमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेस भएको थियो ।

नेपालको औपचारिक भ्रमणमा आका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले कात्तिक १४ गते बसेको संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरेका थिए ।

प्रतिनिधिसभाको चालु अधिवेशन बिहीबार राति १२:०० बजेदेखि समाप्त भएको छ । सभामुख देवराज घिमिरेले बिहीबारको बैठकमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँदै नेपालको संविधानअनुसार राति १२:०० बजेदेखि संसद्को चालु अधिवेशन स्वतः सकिने जानकारी गराएका हुन् ।

बैठकमा चालु अधिवेशनमा विभिन्न मन्त्रालयबाट प्राप्त भएका सबै मौखिक तथा लिखित प्रश्न र उत्तरहरू सम्बन्धित मन्त्रीले टेवल गर्नुभएको थियो । यसैगरी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले 'राष्ट्रिय दलित आयोगको दोस्रो र तेस्रो वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो ।


### बिमालेख हरायो

मिति २०८०/०६/१० गते, बानेश्वर देखि बुढानिलकण्ठसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : दिपक राज गिरी**
**बिमालेख नं : ०१००४४४९**
**National Life Insurance**
**ठेगाना : हेटौडा ८, मकवानपुर**
**सम्पर्क नं : ९८५४०४०११२**

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०६/२६ गते बुढानिलकण्ठ न.पा.-१० कपन रूद्रमती चोक स्थित आफन्तको घर अगाडि पार्किङ गरेको बेलामा रातको २:०० बजे २२० पल्सर कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम** : Hulas Fin Serve
**धनीको नाम** : डोर बहादुर थापा
**बाइक नं.**: बा.प्र.०३-००५ प ५९४४
**च्यासिस नं.**: MD2A13EX8MCJ97216
**इन्जिन नं.** : DKXCMJ31428
**सम्पर्क**: ९८६०४३९४२०/९८०११६९८१६

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०६/२० गते नयाँबजार स्थित मेडिकल चोक नजिकै रहेको आफ्नै कोठा अगाडि पार्किङ गरेको बेलामा दिनको २:०० बजे बजाजको २०० सिसिको एन एस पल्सर सेतो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम** : अर्जुन जंग शाही
**बाइक नं.**: सु.प.प्र.०१-०१० प ७१८०
**च्यासिस नं.**: MD2A36FX6MCP91827
**इन्जिन नं.** : JLXCMF82293
**सम्पर्क**: ९८२१६६४७७५


## वैदेशिक रोजगार विभागको

### सार्वजनिक सूचना !

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत प्राप्त तपसिल वमोजिमका **श्री B.M. OVERSEAS PVT.Ltd (इ.प.नं.३८५/०५९/०६०)** सञ्चालक/शेयर धनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको । अन्यथा माग वमोजिम शेयर नामसारी लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम/शेयर संख्या |
|---|---|
| १. श्री अनुप जंगम (०१-३००००) | १. श्री प्रकाश पौडेल ०१-३००००) |


## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PAPPAROTI (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT No: 294550 चलानी नं. ६०२०९७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : COREWORLD SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT No: 294509 चलानी नं. ६०२०९७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**कम्पनी : SAPAD TISSUE CULTURE DATE PALM COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. No. 294589 चलानी नं. ६०२०९६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Labour | 5 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nursery Farm Worker | 2 | 0 | 1000 | ३५,५२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL KHLOOD TRADING CONT AND SERVICES**

पूर्व स्वीकृति मिति : २०७८/११/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१६ LT. No. 258726 चलानी नं. ६०१७५२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 3 | 0 | 1200 | ४३,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 3 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1200 | ४३,७१५ | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1200 | ४३,७१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: AL TAREEQ AL MUMTAZ GENERAL TRANSPORTING**

पूर्व स्वीकृति मिति २०८०/०६/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१६ LT. No.293139 चलानी नं. ६०२०८५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 2 | 0 | 2200 | ८०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Driver | 20 | 0 | 1800 | ६५,६४५ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 25 | 0 | 1800 | ६५,६४५ | | | | | | | |
| 4 | Light Vehicle Driver | 20 | 0 | 1500 | ५४,७०५ | | | | | | | |
| 5 | Shovel Operation Driver | 5 | 0 | 1600 | ५८,३५० | | | | | | | |
| 6 | Vehicle Mechanic | 3 | 0 | 1900 | ६९,२९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक १९ गते (5th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com


## Mandandeupur Municipality

### Office of Municipal Executive

**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 03rd Nov 2023)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** or may visit Mandandeupur Municipality website ***www.mandandeupurmun.gov.np.***

| S.N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) Nrs |
|---|---|---|---|---|---|---|---|
| 1 | Wada No.5 Vitraka Bibhinna Yojanaharu | 09/Works/ NCB/ MDM/080/81 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 62500.00 | 2159830.32 |
| 2 | Mandandeaupur Nagarpalika ward no 6 antargat purwadhar nirman tatha starunnati pariyojana | 10/Works/ NCB/MDM/ 080/081 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 87500.00 | 2996122.08 |
| 3 | Ward No. 9 Ko Bibihnna Yojanaharu | 11/Works/ NCB/MDM/ 080/081 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 50000.00 | 1710487.50 |
| 4 | Procurement and Installation of Computer, Printer and Smart T.V | 13/Goods/ NCB/MDM/ 080/81 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 80000.00 | 2715752.03 |
| 5 | Mandandeupur Wada no.2 ko Baluwapati Birthing Centre Nirman ra Sahari Swasthya Clinic, Wada no.6 ko Gairebesaune Khop Kendra ra Bhimsen Prabe Bhawan Tatha Wada no.10 ko Majhigaun Bal Bikash Kendra Tala Thap Yojanaharu | 14/Works/ NCB/MDM/ 080/81 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 190000.00 | 6528511.59 |
| 6 | Wada No 5 Ko Sallebas-Khatichaur-Gairebesaune Sadak | 15/Works/ NCB/MDM/ 080/81 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 125000.00 | 4179444.33 |
| 7 | Wada no 3 vitraka Bibhinna Yojanaharu | 16/Works/ NCB/MDM/ 080/81 | 03/12/2023 12:00 hrs. | 03/12/2023 13:00 hrs. | 3000.00 | 32500.00 | 1083169.90 |

**Chief Administrative**
**Mandandeupur Municipality Officer**

# Interim Financial Statements of the FY 2080/81

## Condensed Consolidated Statement of Financial Position

As on First Quarter (17th October 2023) of the Fiscal Year 2023/24

*Amount in NPR*

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending | This Quarter Ending | Immediate Previous Year Ending |
| **Assets** | | | | |
| Cash and Cash Equivalents | 15,253,807,253 | 19,847,953,245 | 15,242,027,896 | 19,840,098,812 |
| Due from Nepal Rastra Bank | 14,091,044,487 | 13,460,944,529 | 14,091,044,487 | 13,460,944,529 |
| Placement with Bank and Financial Institutions | 10,510,790,287 | 7,852,829,746 | 10,510,790,287 | 7,852,829,746 |
| Derivative Financial Instruments | 193,649,250 | 184,833,645 | 193,649,250 | 184,833,645 |
| Other Trading Assets | - | - | - | - |
| Loans and Advances to BFIs | 9,452,132,187 | 9,769,740,525 | 9,452,132,187 | 9,769,740,525 |
| Loans and Advances to Customers | 276,582,285,607 | 270,573,596,161 | 276,582,285,607 | 270,573,596,161 |
| Investment Securities | 49,436,896,542 | 42,953,680,295 | 49,066,219,508 | 42,542,370,929 |
| Current Tax Assets | 1,397,799,366 | 1,126,740,993 | 1,397,254,314 | 1,121,255,950 |
| Investment in Subsidiaries | - | - | 600,000,000 | 600,000,000 |
| Investment in Associates | 1,729,830,138 | 1,610,585,940 | 1,185,017,596 | 1,185,017,596 |
| Investment Property | 1,477,626,853 | 1,263,212,752 | 1,477,626,853 | 1,263,212,752 |
| Property and Equipment | 2,470,952,584 | 2,529,754,415 | 2,451,528,251 | 2,515,806,191 |
| Goodwill and Intangible Assets | 407,437,667 | 401,198,179 | 405,132,801 | 398,693,138 |
| Deferred Tax Assets | - | - | - | - |
| Other Assets | 8,248,129,345 | 7,507,555,975 | 8,137,238,143 | 7,476,302,144 |
| **Total Assets** | **391,252,381,565** | **379,082,626,400** | **390,791,947,179** | **378,784,702,120** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 11,146,410,591 | 8,632,950,928 | 11,657,897,663 | 9,233,574,989 |
| Due to Nepal Rastra Bank | 1,952,200,000 | 1,496,500,000 | 1,952,200,000 | 1,496,500,000 |
| Derivative Financial Instruments | 178,917,248 | 171,836,412 | 178,917,248 | 171,836,412 |
| Deposits from Customers | 321,688,043,733 | 316,047,054,527 | 321,688,043,733 | 316,047,054,527 |
| Borrowings | 4,085,248,030 | 2,648,786,184 | 4,085,248,030 | 2,648,786,184 |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | 550,000 | 550,000 | 550,000 | 550,000 |
| Deferred Tax Liabilities | 45,507,203 | 61,909,494 | 45,507,203 | 61,909,494 |
| Other Liabilities | 5,524,527,838 | 3,695,745,388 | 5,134,507,872 | 3,298,515,831 |
| Debt Securities Issued | 8,984,243,602 | 8,986,805,971 | 8,984,243,602 | 8,986,805,971 |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **353,605,648,246** | **341,742,138,903** | **353,727,115,352** | **341,945,533,407** |
| **Equity** | | | | |
| Share Capital | 26,225,861,340 | 26,225,861,340 | 26,225,861,340 | 26,225,861,340 |
| Share Premium | 88,804,041 | 88,804,041 | 88,804,041 | 88,804,041 |
| Retained Earnings | (1,598,892,677) | (359,859,042) | (2,165,668,700) | (848,305,972) |
| Reserves | 12,930,960,615 | 11,385,681,158 | 12,915,835,147 | 11,372,809,304 |
| **Total Equity Attributable to Equity Holders** | **37,646,733,319** | **37,340,487,498** | **37,064,831,828** | **36,839,168,713** |
| Non-Controlling Interest | - | - | - | - |
| **Total Equity** | **37,646,733,319** | **37,340,487,498** | **37,064,831,828** | **36,839,168,713** |
| **Total Liabilities and Equity** | **391,252,381,565** | **379,082,626,400** | **390,791,947,179** | **378,784,702,120** |

## Condensed Consolidated Statement of Profit or Loss

For the First Quarter Ended (17th October 2023) of the Fiscal Year 2023/24

*Amount in NPR*

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year | | Current Year | | Previous Year | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 10,623,829,741 | 10,623,829,741 | 5,935,386,698 | 5,935,386,698 | 10,603,835,095 | 10,603,835,095 | 5,923,753,430 | 5,923,753,430 |
| Interest expense | 7,561,848,466 | 7,561,848,466 | 3,951,477,921 | 3,951,477,921 | 7,561,862,917 | 7,561,862,917 | 4,064,357,194 | 4,064,357,194 |
| **Net interest income** | **3,061,981,275** | **3,061,981,275** | **1,983,908,777** | **1,983,908,777** | **3,041,972,177** | **3,041,972,177** | **1,859,396,236** | **1,859,396,236** |
| Fee and commission income | 706,603,097 | 706,603,097 | 305,986,941 | 305,986,941 | 706,603,097 | 706,603,097 | 305,986,941 | 305,986,941 |
| Fee and commission expense | 79,593,847 | 79,593,847 | 40,240,595 | 40,240,595 | 79,593,847 | 79,593,847 | 40,240,595 | 40,240,595 |
| **Net fee and commission income** | **627,009,250** | **627,009,250** | **265,746,346** | **265,746,346** | **627,009,250** | **627,009,250** | **265,746,346** | **265,746,346** |
| **Net interest, fee and commission Income** | **3,688,990,525** | **3,688,990,525** | **2,249,655,123** | **2,249,655,123** | **3,668,981,427** | **3,668,981,427** | **2,125,142,582** | **2,125,142,582** |
| Net trading income | 125,974,894 | 125,974,894 | 55,383,768 | 55,383,768 | 125,974,894 | 125,974,894 | 55,383,768 | 55,383,768 |
| Other operating income | 323,253,369 | 323,253,369 | 215,010,687 | 215,010,687 | 181,640,552 | 181,640,552 | 88,848,376 | 88,848,376 |
| **Total operating income** | **4,138,218,788** | **4,138,218,788** | **2,520,049,578** | **2,520,049,578** | **3,976,596,873** | **3,976,596,873** | **2,269,374,725** | **2,269,374,725** |
| impairment charge/ (reversal) for Loans and other losses | 2,183,139,639 | 2,183,139,639 | (70,666,915) | (70,666,915) | 2,183,139,639 | 2,183,139,639 | (70,666,915) | (70,666,915) |
| **Net operating income** | **1,955,079,150** | **1,955,079,150** | **2,590,716,492** | **2,590,716,492** | **1,793,457,235** | **1,793,457,235** | **2,340,041,639** | **2,340,041,639** |
| **Operating expense** | | | | | | | | |
| Personnel expenses | 872,735,867 | 872,735,867 | 726,954,420 | 726,954,420 | 861,678,951 | 861,678,951 | 618,390,749 | 618,390,749 |
| Other operating expenses | 294,361,171 | 294,361,171 | 214,408,215 | 214,408,215 | 286,144,897 | 286,144,897 | 162,552,794 | 162,552,794 |
| Depreciation & Amortization | 209,718,972 | 209,718,972 | 91,568,845 | 91,568,845 | 208,980,672 | 208,980,672 | 127,753,266 | 127,753,266 |
| **Operating Profit** | **578,263,140** | **578,263,140** | **1,557,785,013** | **1,557,785,013** | **436,652,715** | **436,652,715** | **1,431,344,830** | **1,431,344,830** |
| Non-operating income | 55,446,493 | 55,446,493 | 588,782 | 588,782 | 1,658,947 | 1,658,947 | 588,782 | 588,782 |
| Non-operating expense | 300 | 300 | 1,277,354 | 1,277,354 | 300 | 300 | 1,277,354 | 1,277,354 |
| **Profit before income tax** | **633,709,333** | **633,709,333** | **1,557,096,441** | **1,557,096,441** | **438,311,362** | **438,311,362** | **1,430,656,258** | **1,430,656,258** |
| Income tax expense | 183,521,316 | 183,521,316 | 433,790,879 | 433,790,879 | 174,376,242 | 174,376,242 | 429,196,877 | 429,196,877 |
| Current Tax | 183,521,316 | 183,521,316 | 433,790,879 | 433,790,879 | 174,376,242 | 174,376,242 | 429,196,877 | 429,196,877 |
| Deferred Tax | - | - | - | - | - | - | - | - |
| **Profit/(loss) for the period** | **450,188,017** | **450,188,017** | **1,123,305,562** | **1,123,305,562** | **263,935,120** | **263,935,120** | **1,001,459,381** | **1,001,459,381** |
| **Condensed Consolidated Statement of Comprehensive income** | | | | | | | | |
| **Profit/(loss) for the period** | **450,188,017** | **450,188,017** | **1,123,305,562** | **1,123,305,562** | **263,935,120** | **263,935,120** | **1,001,459,381** | **1,001,459,381** |
| Other Comprehensive income | (38,272,011) | (38,272,011) | (30,271,197) | (30,271,197) | (38,272,011) | (38,272,011) | (30,271,197) | (30,271,197) |
| **Total Comprehensive income for the period** | **411,916,006** | **411,916,006** | **1,093,034,365** | **1,093,034,365** | **225,663,109** | **225,663,109** | **971,188,184** | **971,188,184** |
| Basic earnings per share | | 6.87 | | 30.54 | | 4.03 | | 27.23 |
| Diluted earnings per share | | 6.87 | | 30.54 | | 4.03 | | 27.23 |
| **Profit attributable to:** | | | | | | | | |
| **Equity holders of the Bank** | **411,916,006** | **411,916,006** | **1,093,034,365** | **1,093,034,365** | **225,663,109** | **225,663,109** | **971,188,184** | **971,188,184** |
| **Non-controlling interest** | - | - | - | - | - | - | - | - |

## Statement of Distributable Profit or Loss

For the Quarter end of Asoj 2080 (As per NRB Regulation)

*Amount in NPR*

| Particulars | Bank | |
|---|---|---|
| | Current Year Upto this Qtr YTD | Previous Year Corresponding Qtr YTD |
| **Net profit or (loss) as per statement of profit or loss** | **263,935,120** | **1,001,459,381** |
| **Appropriations:** | | |
| *a. General reserve* | (52,787,024) | (200,291,876) |
| *b. Foreign exchange fluctuation fund* | (2,370,495) | (1,042,168) |
| *c. Capital redemption reserve* | (83,333,333) | (83,333,333) |
| *d. Corporate social responsibility fund* | (2,112,351) | (9,011,035) |
| *e. Employees' training fund* | (11,647,539) | (7,537,631) |
| *f. Other* | - | - |
| **Profit or (loss) before regulatory adjustment** | **111,684,377** | **700,243,338** |
| **Regulatory adjustment :** | | |
| *a. Interest receivable (-)/previous accrued interest received (+)* | (1,255,694,211) | (429,670,562) |
| *b. Short loan loss provision in accounts (-)/reversal (+)* | - | - |
| *c. Short provision for possible losses on investment (-)/reversal (+)* | (38,272,011) | (38,416,927) |
| *d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)* | (135,080,883) | - |
| *e. Deferred tax assets recognised (-)/ reversal (+)* | - | - |
| *f. Goodwill recognised (-)/ impairment of Goodwill (+)* | - | - |
| *g. Bargain purchase gain recognised (-)/reversal (+)* | - | - |
| *h. Actuarial loss recognised (-)/reversal (+)* | - | - |
| *i. Other (+/-) Fair Value Gain* | - | - |
| **Net Profit for the quarter ended Asoj 2080 available for distribution** | **(1,317,362,728)** | **232,155,849** |
| **Opening Retained Earnings as on Shrawan 1, 2080** | **(848,305,972)** | **1,871,411,345** |
| Adjustment: | - | - |
| ***Distribution:*** | | |
| Bonus Shares Issued | - | - |
| Cash Dividend Paid | - | (1,838,897,916) |
| **Total Distributable Profit or (Loss) as on quarter ended Asoj 2080** | **(2,165,668,700)** | **264,669,279** |
| **Annualised Distributable Profit/Loss per share** | **(8.26)** | **7.20** |

## Ratios as per NRB Directives

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Capital fund to RWA | | 12.08% | | 13.70% | | 12.08% | | 13.70% |
| Non-performing loan (NPL) to total loan | | 4.89% | | 1.28% | | 4.89% | | 1.28% |
| Total loan loss provision to Total NPL | | 111.34% | | 186.93% | | 111.34% | | 186.93% |
| Cost of Funds | 8.58% | | 8.75% | | 8.58% | | 8.75% | |
| Credit to Deposit Ratio | 86.01% | | 88.95% | | 86.01% | | 88.95% | |
| Base Rate (FTM) | 10.91% | | 10.99% | | 10.91% | | 10.99% | |
| Interest Rate Spread (FTM) | 4.30% | | 4.13% | | 4.30% | | 4.13% | |

### Notes to the Interim Financial Statements

1. Above figures are prepared in accordance with Nepal Financial Reporting Standards, Nepal Accounting Standard including the carve-outs as issued by the Institute of Chartered Accountants of Nepal; subject to change upon otherwise directions of Statutory Auditor and/or Regulatory Authorities.
2. Group represents the Bank and its wholly owned subsidiary Kumari Capital Ltd and KBL Securities Ltd; National Microfinance Bittiya Sanstha Limited, First Microfinance Laghu Bittiya Sanstha Ltd, Mero Microfinance Bittiya Sanstha Ltd, Sadhana Laghubitta Bittiya Sanstha Ltd , Aviyan Laghubitta Bittiya Sanstha Ltd, Solar Farm Pvt. Ltd Avasar Equity Diversified Fund and Avasar Equity as Associates.
3. The NFRS reporting has been complied by adopting appropriate accounting judgment, those having potential material impact on the financial statements and had made appropriate judgment in making accounting estimates.
4. Goodwill due to business combination has been recognized as per explanatory notes on accounting for business combination issued by ICAN.
5. Loan and Advances include interest receivables and are presented net of impairment charges where impairment has been computed as higher of amount derived as per the norms prescribed by Nepal Rastra Bank and as per para 5 of Carve-Out Alternatives provided for Bank and Financial Institution under NFRS – 9, whichever is higher according to the carve out issued by Institute of Chartered Accountants of Nepal (ICAN).
6. Loan Administration Fees that are integral part of effective interest rate (EIR) is treated immaterial and not considered while calculating the Effective Interest Rate
7. Personnel Expenses include employment bonus provision calculated at 10 percent of profit and amortization of prepayment amount of subsidized loans provided to the employees of the bank.
8. Interest income on loans and advances to customers are shown on accrual basis subject to interest recognition guideline issued by Nepal Rastra Bank.
9. Previous figures have been regrouped and restated wherever necessary.
10. The detail Interim report has been published in the Bank's website **www.kumaribank.com**

## Publication of Information as Required by Securities Registration and Issuance Regulation 2073 (Related to Sub Rule (1) of Rule 26)

1. **Major Financial Indicators (annualised fig.)**
   1. Earnings per Share = 4.03
   2. Market Price per Share = Rs.155.7
   3. Price Earnings Ratio (P/E ratio) = 38.63
   4. Net Worth per Share = Rs.141.33
   5. Liquidity Ratio = 25.46
2. **Management Analysis:**
   - The bank has been continuously pioneering in introducing new products and re-innovating its existing products and services as per the market needs.
   - The bank has been focusing on cost management, diversified investments, technological upgradation, optimum utilization of resources and automation of work.
   - The deposits from customers have increased by 1.78% and loans & advances to BFIs and Customers in total have increased by 2.03% in this quarter with reference to the last year.
   - The bank has formulated strategic plan to widen the branch network, along with broadening the electronic banking and digitization of the bank transactions. Currently, the bank has branch network of 308 branches all over the country with 48 extension counters; also the bank has currently setup 64 Branchless Banking units (BLBs).
3. **Details Regarding Legal Actions**
   a. Case filed by or to Kumari Bank Ltd. during the quarter –
   - Apart from the case related to credit recovery in the normal course of business operation, no other cases were file by or to Kumari Bank Ltd. during the quarter.

   b. Case filed by or against the promoter or director of Kumari Bank Ltd. regarding disobedience of prevailing law or commission of criminal offence –
   - No such information has been received

   c. Case filed against any Promoter or Director of Kumari Bank Ltd. regarding commission of financial crime –
   - No such information has been received
4. **Analysis of Share Transaction of Organized Institutions**
   a. Management's view on share transactions of Kumari Bank Ltd. at Securities Market:
   Since the price of the stock is determined by open market operation, the management's view is neutral in this regard.
   b. Maximum, minimum and closing price of shares including total transactions and transacted days during the quarter
   Max. Price = Rs. 195.8 Min. Price = Rs.153 Closing Price = Rs. 155.7 Total no. of Transactions = 29,251 Transacted Day = 61 days
5. **Problems and Challenges**
   **Internal**
   a. Attaining reasonable level of cost of operation.
   b. Retention of qualified and trained human resources.
   c. Improving operational efficiencies to minimize inherent risks.
   d. Management of Non-Performing Assets (NPA).
   **External**
   a. Improving overhead efficiency.
   b. Intense competition from banks and financial institutions with increasing capital and thereby business capacity.
   c. Challenge to pass on cost growth to revenue stream.
   d. Post Pandemic situation is causing concerns and economic hardship for consumers, businesses and communities across the globe and thereby affecting overall business of banking.
   **Strategy to Overcome Problems & Challenges**
   a. Continually renovating and diversifying the product & services to meet the changing need of the customers.
   b. Utilizing the assets in as much as high yield and low risk investment sector.
   c. Proper consolidation of business and work around solutions for generation of positive synergy post-merger.
   d. Proper Risk Management on operational, market, business and other risk segments.
   e. Better cost management practices with high focus on operational efficiency through innovation and process reengineering.
   f. Understanding the expectations and motivating factors of employees in order to retain them; providing intense training for enhancement of skills and knowledge.
   g. Re-pricing of its interest sensitive assets and liabilities as per liquidity position of the market.
   h. Digitalization of banking systems, stimulating and educating employees working on online platforms to make every banking service available online.
   i. Stringent Recovery process for managing Non-Performing Assets (NPA)
6. **Corporate Governance**
   In order to increase the standard of corporate governance, following actions has been initiated by the bank:
   a. The Board of Directors of the bank is the top most body responsible and accountable to ensure that the bank has embraced superior standard of corporate governance. Further, various sub-committees of the Board including the Audit Committee and Risk Management Committee continuously review the activities of various areas of the Bank and provide direction and support where necessary.
   b. Clear demarcation has been made in the Bank between various conflicting areas of the Bank like Credit, Risk and Operations, with each unit being headed by senior personnel directly accountable to the CEO.
   c. Management Committee chaired by the CEO and comprising of heads of key units of the bank, meets on a regular basis to assess the performance of the Bank and take key decisions. Similarly, committees like Asset Liability Committee, Risk Management Committee, etc meet at regular intervals to critically review performance and initiate proactive actions.
7. **Particulars relating to Annexure – 16 of Securities Registration and Issuance Regulation, 2073**
   - No such reportable events occurred during the period.
8. **Declaration by CEO**
   I hereby declare that the data and information provided in this report is true, complete, and factual to the extent of my knowledge. No attempt has been made to misguide the investors. I personally take the responsibility and accountability regarding the truthfulness of the information provided in the report as of quarter end.

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

Tangal, P.O. Box 21128, Kathmandu, Tel; 01-4443077, SWIFT: KMBLNPKA

प्रभाव दैनिक
National Daily

म्पादकीय

# कानुन निर्माणमा उदासीन संसद

**संसदको चालु अधिवेशन मात्र एउटा कानुन बन्यो । मंसिरको निर्वाचनपछि दलहरूको ध्यान सरकार फेरबदलमै केन्द्रित रह्यो । सांसदहरूको निस्क्रियता र शीर्ष नेता उदासीन बन्दा यो अधिवेशनले महत्वपूर्ण दुई कानुन बनाउने मौका गुमायो ।**

**नेपालमा अहिलेको अतिआवश्यक कानुन हो सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन । भ्रष्टाचार, हुन्डी, सुन तस्करीजस्ता अवैधानिक तरिकाबाट हुने कमाईका कारण नेपालको अर्थतन्त्र बदनाम छ । जसका कारण वैदेशिक लगानी रोकिएको छ । विश्व अर्थतन्त्रमा निगरानी राख्ने अन्तरराष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई कालो धन नियन्त्रण गर्न कडा कानुन बनाउन पटकपटक सचेत गराइसकेको छ । कानुन बनाएरमात्र भएन, यसलाई उचित कार्यान्वय अर्को पाटो हो । यसैका लागि फेरि एक वर्षको लागि म्याद थपिदिएको छ एफएटिएफले । यदि यस्तो कानुन नबने 'ग्रे लिस्ट'मा पर्ने सम्भावना हुन्छ । ग्रे लिस्टमा परे देशमा वैदेशिक लगानी भित्रिन रोकिन्छ । यसै त ओरालो लागेको अर्थतन्त्र कडा कानुन नबन्दा झनै जोखिममा पर्ने खतरा छ ।**

**प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले यसलाई चाँडो टुंगोमा पुऱ्याउने प्रयास नगरेको हैन । कानुनमन्त्री धनराज गुरुङले यो कानुन चाँडो बनाउन संसदको समितिमा ताकेतासमेत गरे । सोहीअनुसार संसदको कानुन, न्याय तथा मानव अधिकार समितिले फास्ट ट्र्याकमा लगेर प्रतिवेदन सदनमा बुझाइसकेको थियो । तर दफावार छलफल चलिसकेर प्रतिवेदन बुझाएको विधेयकलाई पारित गर्नतर्फ यो संसदले कुनै चासो देखाएन ।**

**योमात्र हैन प्रधानमन्त्री पुष्पकमल दाहाल संक्रमणकालीन न्याय टुंगोमा लान निकै खटे । संक्रमणकालीन न्यायसम्बन्धी 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक २०७९' (टीआरसी विधेयक) प्रतिनिधिसभामा २०७९ चैत ५ गते पेश भएको थियो । प्रधानमन्त्रीको तर्फबाट सूचना तथा सञ्चारमन्त्री रेखा शर्माले पेस गरेकी थिइन् । २०७९ फागुन २५ गते उक्त विधेयक 'फास्ट ट्र्याक'मा टुंगो लगाउने गरी संसदको कानुन, न्याय तथा मानव अधिकार समितिमा उपसमिति नै बनाएर दफावार छलफल चलायो ।**

**उपसमितिले असोज २३ गते चार वटा विषय थाँती नै राखेर प्रतिवेदन बुझायो । यो विषय चाँडो टुंगो लगाउनुपर्ने अन्तरराष्ट्रिय दबावसमेत थियो । संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणमा यो विषय पनि प्राथमिकतामा परेको थियो । संक्रमणकालीन न्याय टुंगिनु नेपालकै लागि फाइदाको विषय हो । तर यो सदनबाट पनि यसको टुंगो लागेन । संसदको मुख्य काम कानुन बनाउनु हो । तर समितिदेखि सदनसम्मै सांसदहरू कानुन बनाउन सांसदहरू उदासीन बने ।**

## मननयाग्य

### चाणक्य नीति

पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु ।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।' यति भनी शकटार दरवारतिर हिंडे ।


विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो । शकटार आइरहेका रहेछन्, चोणक्य उनको प्रतीक्षामा थिए । शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे । मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए । बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियो. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

# गुटेरेसको नेपाली पदचापका विश्व सन्देश



एकराज पाठक

महासचिव गुटेरेस लुम्बिनी पुगेर विश्वका कुनै पनि युद्धरत मुलुकलाई युद्ध छोडेर शान्तिको बाटोमा लाग्न आग्रह गरे । मंगलबार बिहान गौतमबुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेपछि महासचिव गुटेरेसले मायादेवी मन्दिर अगाडिबाट सम्बोधन गर्दै युद्धग्रस्त मुलुकलाई शान्तिको मार्गमा लाग्न आग्रह गरे । उनले संसारभरि नै शान्ति स्थापनाका लागि लुम्बिनी एक पवित्र उद्यान हो भन्दै लुम्बिनीमा उभिएर विश्वलाई नै शान्तिको सन्देश दिन पाएकोमा आफूलाई अत्यन्त खुसी लागेको बताए । उनले लुम्बिनीबाट यो आह्वान गरिरहँदा विश्वमा युक्रेन, रसिया, इजरायल, प्लानेस्टाइनसहित विभिन्न मुलुकमा युद्ध जारी छ । तिनका लागि उनको यो भ्रमणको सन्देश सान्दर्भिक छ ।

करिब १४ वर्षअघि (२०६६ को मंसिर १९) मा सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक बस्यो । त्यसताका नेपालमा जलवायु परिवर्तन के हो र यसले मानवसहित समग्र प्राणीजगत्को स्वास्थ्य र सभ्यतामै के असर गर्छ भन्ने तर्क र बहस सुरु भएका थिए ।

सुरुसुरुमा जलवायु परिवर्तनले हिमाल र हिमालय बस्तीलाई असर गर्ने दृष्टान्त प्रस्तुत हुँदै थिए । पछि यो राष्ट्रिय एजेण्डा नै बन्यो र यसले समग्रमा प्राणीजगत्को अस्तित्वमाथि नै छिट्टै धावा बोल्ने चर्चा थालिए । त्यसैले पनि हामी हिमालको बस्तीका मानिसले यो सम्भावित खतराको सन्देशलाई विश्वको सबै भूगोलमा पुऱ्याउनु थियो । यसकारण जलवायु परिवर्तनका यी संकटलाई फरक शैलीबाट विश्वको ध्यान तान्नुपर्ने थियो । यसैको पृष्ठभूमिमा नेपाल सरकारले हिमाल पग्लिएकै ठाउँमा पुगेर बैठक गरेको थियो ।

विश्वका मिडियाले यो बैठकको समाचारलाई संसारमा फैलाए । हाम्रोजस्तै कार्यशैली अपनाएर मालदिभ्सले पनि समुद्रमुनि मन्त्रिपरिषद्को बैठक गरेको थियो । जसरी नेपालले हिमशृंखला पग्लिएर सकिँदै छ भन्ने सन्देश दिन सगरमाथाको फेदमै पुगेर बैठक गऱ्यो, त्यस्तै प्रतिकात्मक सन्देश दिन खोजेको थियो समुन्द्रमुनिको बैठकले । यी दुई बैठकको सन्देश थियो- हिमाल पग्लिएको पानी गएर समुद्रमा जम्मा हुन्छ र समुद्री सतह बढ्छ । अनि यता हिमालमा सुक्खापनले असर गर्छ, उता समुद्रको सतह बढेपछि वरपरको बस्ती डुब्छ ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । खासमा सोही सम्मेलनमा विश्वको ध्यान खिच्नका लागि गरिएका थिए यी बैठक । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको संकटबारे विश्वको ध्यानाकर्षण गराएको पनि थियो । जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर न्यूनीकरणका लागि विश्वका अरु पनि केही राष्ट्रले यस्तै फरक शैलीका बैठक तथा कार्यक्रम आयोजना गरेका थिए ।

तर, दुःखद् कोपेनहेगन सम्मेलनको मुख्य वेबसाइटमा हाम्रो बैठकको सूचना थिएन, मालदिभ्सको थियो । सो सम्मेलनको वेबसाइट खोल्दा मालदिभ्सको बैठकको तस्बिर र सूचना सुरुमै आउँथ्यो तर हाम्रो कालापत्थरको आउँदैनथ्यो । सम्मेलनमा सहभागी प्रधानमन्त्री माधवकुमार नेपालले यस विषयमा चासो राखे र नेपालको राष्ट्रसंघीय मिसनका अधिकारीलाई सोधे । त्यसबेलाको राष्ट्रसंघीय नेपाली मिसनले त्यति चित्तबुझ्दो जवाफ दिन सकेका थिएनन् । सायद उनीहरूले 'लबिइङ' या पहुँच पुऱ्याउन सकेका थिएनन् ।

सम्मेलनमा नेपालले नेपालका हिमाल पग्लिन थालेको र हिमाली बस्ती संकटमा पर्न लागेको तथा मालदिभ्सले हिमशृंखला पग्लिन थालेकाले अब मालदिभ्स र यस्तै समुद्री किनारका देशका मानवबस्तीको अस्तित्व पनि संकटमा पर्न सक्ने सम्बोधनका क्रममा जनाएका थिए । यसले विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुखको ध्यान खिचेको पनि थियो । जलवायु परिवर्तनका कारण नेपालजस्ता पीडित राष्ट्रहरूले पाउने क्षतिपूर्तिको प्रचलन नेपालको त्यो पहलले स्थापित गरायो । जुन अहिले पनि निरन्तर त छ तर प्रसस्तै अपुग छ, लाखौं करोडौं कोष टाढाका सूर्य भगवानलाई दुई थोपा अर्घ्य चढाएजस्तै ।

विगतका यी उदाहरणको तुलनामा यतिखेर भने नेपालले एक अभूतपूर्व अवसर प्राप्त गरेको छ । किनभने अबका केही दिनपछि राष्ट्रसंघीय विश्व जलवायु सम्मेलन हुँदै छ र त्यसको आयोजक संस्था संयुक्त राष्ट्रसंघका महासचिवले त्यही प्रभावित ठाउँमा आफैं पुगेर अवस्थाको अध्ययन गरेका छन् । त्यो बैठकयता कति हिमाल पग्लियो र कति सेता हिमचुचुरा कालापत्थरमा परिणत भए भन्ने कुरा अनुसन्धानकै गर्भमा रहे पनि अब भने कालापत्थर बैठक गरेर विश्व सम्मेलनमा प्रतिकात्मक जानकारी दिनुपर्ने अवस्था छैन । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस त्यहीँ पुगे र प्रभावित क्षेत्रका बासिन्दासँग अन्तर्क्रियासमेत गरे ।

'अहिले त्यही म अहिले यहाँ हिमालयमा छु । जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदरू रेकर्ड लेभलमा छन् । अन्टार्टिका र ग्रीनल्याण्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन् । हामीले बाढीपहिरो देख्नुपरेको छ । यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ । हामीले यसलाई रोक्न जरुरी छ ।' जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि मैले विश्वसमुदायको ध्यानाकर्षण गराउन चाहेको छु । हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्नसक्नुपर्छ । यसबाट हामी पछि हट्न सक्दैनौं ।'

महासचिव गुटेरेसले गत सोमबार सोलुखुम्बु जिल्लाको सगरमाथा क्षेत्रको अवलोकन गरेपछि सामाजिक सञ्जालको आफ्नै वालमार्फत दिएको भिडियो सन्देश हो यो । त्यसमा उनले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताएका थिए ।

उनले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह पनि गरे । त्यसअघि सोही दिन गुटेरेसलाई भेटेपछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाका स्थानीयले जलवायु परिवर्तनले के कस्ता समस्या उत्पन्न गरेको छ भन्नेबारेमा जानकारी गराएका थिए । उनीहरूले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानिनोक्सानी बढेको, पानीका स्रोत र मुल सुक्दै गएका, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नांगा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेकोजस्ता समस्या अवगत गराएका थिए ।

यो वास्तविकता देखेका महासचिव गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । महासचिव गुटेरेस जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हिमालमा पुगेका केही हप्तापछि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-२८) को आयोजना हुँदै छ ।

सोही सम्मेलनमा आफूले विश्वको प्रदूषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानका नागरिकको कुनै भूमिका नरहेको तथ्य उठाउने बताए ।

नेपालको संघीय संसद्लाई सम्बोधन गर्दा उनले जलवायु परिवर्तनको असर नेपालमा कति परेको छ र आफ्ना कारण विना नै नेपाल कसरी पीडित बन्नुपरेको छ भन्ने कुरा धनी र यसका कारक देशसँग राम्रोसँग उठाउने बताए ।

उनको यो भ्रमणले पक्कै पनि नेपालले नखाएको विष अब लाग्दै, लाग्नु हुँदैन र लागि नै हाले पनि विषको मात्रा नगन्य हुनुपर्छ भन्ने वास्तविकता विश्वका धनी देशको कानमा पर्ने आशा गर्न सकिन्छ । यो हाम्रा लागि शुभ समाचार हो ।

महासचिव गुटेरेसको भ्रमणले बोकेको अर्को नेपाली सन्देश शान्तिको हो । हामीसँग विश्वमा अन्यत्र कतै वीरलै रहेका शान्तिका सन्देश छन् । जस्तो कि शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा राष्ट्रसंघीय महासचिव पुग्नु नै नेपालको शान्तिको सन्देश विश्वमा पुग्नु हो । यतिखेर विश्वको झण्डै एक तिहाइ जनसंख्याले बुद्ध दर्शनलाई अँगालेका छन् । त्यसैले हामी नेपाली विश्वको कुनै पनि भूगोलका भन्दा भाग्यमानी हौं । बुद्धका शान्तिका सन्देश विश्व जति आधुनिक, विकसित र कथित समृद्ध हुँदै गएको छ त्यति नै सान्दर्भिक हुँदै गएका छन् । शान्तिका नाममा विश्वको कुनै पनि मानिसका दिमागमा सबैभन्दा पहिला आउने बुद्ध हुन् र स्थान लुम्बिनी हो ।

त्यसैले त महासचिव गुटेरेस लुम्बिनी पुगेर विश्वका कुनै पनि युद्धरत मुलुकलाई युद्ध छोडेर शान्तिको बाटोमा लाग्न आग्रह गरे । मंगलबार बिहान गौतमबुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेपछि महासचिव गुटेरेसले मायादेवी मन्दिर अगाडिबाट सम्बोधन गर्दै युद्धग्रस्त मुलुकलाई शान्तिको मार्गमा लाग्न आग्रह गरे । उनले संसारभरि नै शान्ति स्थापनाका लागि लुम्बिनी एक पवित्र उद्यान हो भन्दै लुम्बिनीमा उभिएर विश्वलाई नै शान्तिको सन्देश दिन पाएकोमा आफूलाई अत्यन्त खुसी लागेको बताए । उनले लुम्बिनीबाट यो आह्वान गरिरहँदा विश्वमा युक्रेन, रसिया, इजरायल, प्लानेस्टाइनसहित विभिन्न मुलुकमा युद्ध जारी छ । तिनका लागि उनको यो भ्रमणको सन्देश सान्दर्भिक छ ।

अर्को हामीसँगको शान्तिको सन्देश भनेको विश्वका द्वन्द्वग्रस्त देशमा नेपाली सेनाको उपस्थिति र मध्यस्थता हो । सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेदेखि नै नेपालले विश्व शान्तिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । राष्ट्रसंघको आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा नेपाली सैनिक टोली खटिइआएको छ । विश्वका लगभग ४४ मिसनमा एक लाख ४६ हजारभन्दा बढी नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । संयुक्त राष्ट्रसंघको शान्ति सेनामा योगदान दिने दोस्रो देशका रूपमा रहेको नेपालका अहिले पनि विश्वका करिब १२ मुलुकमा पाँच हजारभन्दा बढी सैन्य तथा प्रहरी कार्यरत छन् ।

शान्तिसँग जोडिएको नेपालको अर्को पाटो भनेको हामीले हाम्रो हाम्रो द्वन्द्वलाई कसरी आफ्नै मौलिक प्रयासबाट सम्पन्न गर्न सक्यौं भन्ने पनि हो । संसारले नै अध्ययन गर्नुपर्ने गरी हामीले हाम्रो माटोको सशस्त्र द्वन्द्वको आफैंले व्यवस्थापन गऱ्यौं र शान्ति स्थापनाको नेपाली मोडल स्थापना गरी देखाइदियौं । विद्रोही पक्षलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको निर्वाचनमार्फत सरकारमा पठाएर विद्रोहीपक्षकै संलग्नता र सहमतिबाट उत्कृष्ट समावेशी संविधान निर्माण गरी उनीहरूलाई नै सरकारको नेतृत्वमा पठाएको मोडल विश्वमा अन्यत्र सायदै पाइन्छ होला । जुन वास्तविकतालाई महासचिव गुटेरेसले पनि स्वीकार गरे र यसबाट विश्वले सिक्नुपर्ने अभिव्यक्ति पनि दिए । हामीले आर्जेका यी उपलब्धिहरूलाई बाहय विश्वमा देखाउन महासचिव गुटेरेसको भ्रमण एउटा सुखद् अवसर र सन्देश दुवै हो ।

संयुक्त राष्ट्रसंघको महासचिव संसारका मिडियाले सबैभन्दा बढी पछ्याउने पद हो । संसारका शक्ति राष्ट्रका नेतृत्वको चियो गरेजस्तै मिडियाले समाचारमा महासचिवको पदचाप पनि बढी नै पछ्याउँछन् । त्यस्ता व्यक्तिको नेपाल भ्रमणले देशको कूटनीतिक उचाइ बढाउँछ नै । महासचिव गुटेरेसको यो भ्रमण नेपालका लागि एक महत्त्वपूर्ण कूटनीतिक लाभ हो । यो कूटनीतिक उपलब्धिभित्रै नेपालले भोगिरहेको जलवायु संकट र नेपालको शान्तिको सन्देश संसारमा फैलाउने अर्को एक अवसर पनि हो । महासचिव गुटेरेसका नेपालको अर्थपूर्ण र महत्त्वपूर्ण पदचापको सन्देश जलवायु संकट र शान्तिको सन्देश संसारमा पुऱ्याउनु हो । हाम्रा हिमालको संकटलाई न्याय उनका आँखाले देख्दा जति प्रभावकारी अरुबाट कमै हुनसक्छ । त्यतिकै महत्त्वपूर्ण उनले लुम्बिनीबाट विश्वका अशान्त देश र द्वन्द्वहरूलाई शान्तिका लागि गरेका आह्वान छ । उनका पदचापले फैलाएका यी सन्देश विश्वमा कहाँ पुगे र त्यसबाट हामीले कसरी र के लाभ लिने भन्ने विषयलाई हाम्रो कूटनीतिक कौशलताले पछ्याउनुपर्ने खाँचो त छँदै छ । *रासस*

## पत्र-मञ्जषा

# पर्यटकमाथिको शोषण रोक्ने कसले ?

कोरोना महामारीका कारण ठप्प बनेको नेपालको पर्यटन व्यवसाय विस्तारै लयमा फर्कन लागेको छ । विदेशी पर्यटकको आगमन बढ्न थालेको छ । त्यसैले पर्यटन क्षेत्रलाई अगाडि बढाउन पर्यटकहरूका लागि विशेष सुविधा दिन आवश्यक देखिन्छ । नेपालमा घुम्न आउने पर्यटकहरूमाथि विभिन्न क्षेत्रमा ठगी हुने गरेको छ । हवाई व्यवसायीले महँगो भाडा लिएर ठग्ने, होटलदेखि पर्यटकीय बसहरूले समेत विदेशी भनेपछि ठग्न सुरु गर्छन् । ट्रेकिङ गर्न पनि नेपालीलाई भन्दा चर्को शुल्क लिन्छन् ।

विदेशी पर्यटकको अहिले पहिलेको जस्तो चाप छैन । नेपालमा भएका केही पर्यटकलेसमेत राम्रो सेवासुविधा पाउन सकेका छैनन् । सरकारले पनि यसतर्फ ध्यान दिएको छैन । हरेक पाइलामा विदेशी पर्यटक ठगिएका छन् । उही सामान नेपालीलाई भन्दा दोब्बर मूल्यमा बेच्ने गरिन्छ । पर्यटकलाई गर्ने व्यवहार राम्रो छैन । विदेशीका लागि उचित सुरक्षाको व्यवस्था पनि मिलाइएको छैन ।

नेपालको भौगोलिक अवस्था अप्ठ्यारो भएकाले पर्यटकका लागि सहज हुने गरी पर्यटनमार्गहरू विस्तार गर्न सकिएको छैन । जसले गर्दा अपेक्षाकृत पर्यटकको संख्या बढ्न सकेको छैन । भौगोलिक जोखिमताका कारण कतिपय विदेशी पर्यटकको ज्यान जाने गरेका घट्नाहरू घटिरहन्छन् । यसमा सरोकारवाला र सरकारको ध्यान दिन जरुरी छ ।

पर्यटन मुलुकको विदेशी मुद्रा आम्दानीको मुख्य स्रोत हो । पर्यटन व्यवसाय खस्किएसँगै विदेशी मुद्रा नभित्रिँदा अर्थतन्त्र प्रभावित बनेको छ । नेपालको मुख्य आम्दानीको स्रोत भनेको पर्यटन नै हो भन्नेमा दुईमत छैन । पर्यटनको अथाह सम्भावना बोकेको मुलुकमा यसको विकास र प्रवर्द्धनका कुरा धेरै गरिन्छ । तर, प्रभावकारी काम हुन सकेको देखिँदैन । पर्यटकका लागि आवश्यक आधारभूत कुराहरूदेखि उनीहरूको सेवा सुविधाका कुरामा सरकारको ध्यान जानै पर्छ । किनभने, स-साना कुराले पनि पर्यटकलाई प्रभावित पार्न सक्छ । पर्यटकलाई नै हामीले राम्रो व्यवहार गर्न सकेनौं, उनीहरूलाई राम्रो सत्कार गर्न सकेनौं भने यो क्षेत्रलाई माथि उठाउन निकै चुनौती हुने निश्चित छ । अहिले नेताहरूले नेपाल श्रीलंका हुन्छ भनिरहेका छन् । देशलाई बचाउन बेलैमा सोच्न आवश्यक छ । विदेशी मुद्राको मुख्य स्रोत पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न योजना ल्याउन आवश्यक छ ।

पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न उनीहरूका लागि विभिन्न सहुलियतका प्याकेजहरू ल्याउन सके पर्यटक आगमन बढाउन सकिन्छ । यसका लागि पर्यटन व्यवसायीहरूसँगको सहकार्यमा सरकारले काम गर्नुपर्छ । पर्यटन व्यवसायीहरूले पनि तत्कालको फाइदामात्र हेर्नेभन्दा दीर्घकालीन पर्यटन विकासमा ध्यान दिन आवश्यक देखिन्छ । पर्यटकबाट एकैपटक धेरै रकम लिएर फाइदा लिने भन्दा पनि उनीहरूलाई फेरि नेपाल आउने वातावरण निर्माणमा पर्यटन व्यवसायीको भूमिका महत्त्वपूर्ण हुन्छ । पर्यटकलाई खुसी बनाएर पठाएको खण्डमा उनीहरू दोहोरिएर नेपाल आउँछन् । जसको फाइदा व्यवसायी र मुलुककै लागि हो । यसका साथै, त्यसरी आउने पर्यटकलाई अरुलाई पनि नेपाल आउन प्रेरित गर्ने छन् । 'अतिथि देवो भवः' भन्ने नेपाली उक्तिलाई व्यवहारमा कार्यान्वयन गर्ने हो भने पर्यटन प्रवर्द्धनमा हामीले त्यति ठूलो मिहेनत गर्नुपर्ने छैन । यसबाट मुलुकले चौतर्फी लाभ उठाउन पाउनेछ ।

*अमृत सुनुवार, बौद्ध*

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र–मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# एकीकृत विकास कार्ययोजना बनाउँदै गाउँपालिका

**काभ्रेपलाञ्चोक–** काभ्रेपलाञ्चोकका चार स्थानीय तहले पूर्वाधार विकासलगायत प्रकोप समाधानका लागि संयुक्तरूपमा ‘एकीकृत विकास’ कार्ययोजना बनाउने निर्णय गरेका छन् । जिल्लाको बेथानचोक, खानीखोला, महाभारत र रोशी गाउँपालिकाका जनप्रतिनिधि सम्मिलित अन्तरपालिका बैठकले आफ्नो क्षेत्रको विकासका लागि एकजुट हुने प्रतबद्धता जनाएका हुन् ।

जिल्लाको दक्षिणी भेगमा अवस्थित यी गाउँपालिकामा भौगोलिक अवस्था मिल्दोजुल्दो रहेकाले सडक, पुल, सिँचाइ तथा भवनलगायतका भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना कार्यान्वयन गर्दा अन्तरपालिकाबीच आवश्यक समन्वय, सहकार्य र समझदारी कायम गरी संयुक्त रूपमा बजेट विनियोजन गर्न एकीकृत कार्ययोजना निर्माण गरी प्रदेश र संघीय सरकारमा एकैसाथ जाने बैठकले निर्णय गरेको महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले जानकारी दिए ।

‘चार गाउँपालिकाद्वारा योजना बनाएर बजेट विनियोजन गराउन एकीकृत कार्ययोजनाले अर्थपूर्ण दबाब पुग्नेछ,’ उनले भने । जिम्बाका अनुसार प्राकृतिक स्रोतसाधन, सामाजिक-भौगोलिक बनोटका आधारमा एक अर्कासँग जोडिएका गाउँपालिकाबीच विकास निर्माणमा समन्वय गर्न बैठकको आयोजना गरिएको हो ।

अन्तरपालिका विकास निर्माण, सेवा प्रवाह र असल अभ्यासको अनुभव आदानप्रदान गर्न अन्तरपालिका बैठक आवधिक रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय भएको जिम्बाले बताए । चारै पालिकाका नागरिकको आयस्तरमा वृद्धि गरी सम्बृद्ध पालिका निर्माण गर्न पर्यटकीय गन्तव्य पहिचान र संरक्षण गरी एकीकृत पर्यटन पूर्वाधार विकास गर्ने, महाभारत ट्रेल (पर्यटन पदमार्ग), नारायणस्थान, तिनतले झरना, शिव पार्वती गुफा, कपेर महाकाल, तिलेश्वर पर्यटन क्षेत्र, तारखसे लेक, घ्याङलेक, चैतेपानी तथा भूमेचुली पर्यटन क्षेत्रको पूर्वाधार निर्माण, व्यवस्थापन र प्रवर्द्धनमा संयुक्त लगानी गर्ने निर्णय भएको उनको भनाइ थियो ।

बैठकले चार गाउँपालिका समेट्ने जनमुक्ति मार्ग निर्माण गर्न संयुक्त रूपमा पहल गर्ने निर्णय गरेको छ । त्यस्तै, सम्भावित प्राकृतिक/गैरप्राकृतिक, मानव स्वास्थ्य तथा पशुजन्य विपद्लगायतका प्रकोपको पहिचान तथा घटनाको न्यूनीकरण, विकासका साझा योजना तथा कार्यक्रम पहिचान गरी प्रभावकारी कार्यान्वयन, उपलब्ध प्राकृतिक स्रोतको पहिचान गरी आपसी सहकार्यमा जोड दिनेलगायत नौ बुँदे सहमति भएको अध्यक्ष जिम्बाले जानकारी दिए । *रासस*

# झिनियाँ रोटीमा मिसाइने रङ स्वास्थ्यका लागि घातक

**गलकोट–** तिहारको समयमा बढी मात्रमा प्रयोगमा आउँछ । रंगीचंगी झिनियाँमा मिसाइने रङ स्वास्थ्यका लागि घातक हुने सरोकारवालाहरूको चिन्ता छ । तिहार नजिकिएसँगै बागलुङमा झिनियाँको माग बढी हुने गर्दछ । तिहारका लागि झिनियाँ बनाउन यतिबेला घरेलु उद्यमीहरू निकै व्यस्त भएकाले रङ प्रयोग नगर्न सरकोकारवालाले सचेत बनाएका छन् ।

रङ नहाली झिनिया रोटी बनाउन र उपभोक्तालाई पनि रङ नभएको झिनियाँ रोटी खरिद गर्न आग्रह गरिएको छ । तिहारमा मात्र होइन पछिल्लो समय विवाह, व्रतबन्ध, पूजाआजा र कोसेलीको रूपमा पनि झिनियाँ अत्यधिक प्रयोग हुन थाले पनि रङ मिसाएका झिनियाँ उत्पादन नगर्न प्रशासनले महिला उद्यमीलाई सचेत बनाएको सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले जानकारी दिए ।

उनले झिनियाँ उत्पादन गर्ने उद्यमीलाई रङ प्रयोग नगरी झिनियाँ उत्पादन गर्न आग्रह गरिएको बताउँदै उपभोक्ताले समेत तिहारमा सेता झिनिया मात्रै खरिद गर्नेगरी सचेत रहनुपर्ने बताए । रंगीन झिनियाँ खाँदा क्यान्सरजस्तो घातक रोग लाग्ने जोखिम हुने खाद्यप्रविधि गुण नियन्त्रण कार्यालयका प्रमुख सौरभ श्रेष्ठले बताए ।

चाडपर्वको समयमा नेपालीहरूले मिष्ठान्न परिकार बढी बनाउने र त्यसमा अत्यधिक रङ प्रयोग गर्ने गरेकाले यसले जोखिम निम्त्याउने उनले बताए । ‘जिल्लामा उत्पादन हुँदै आएको झिनियाँ रोटीमा अत्यधिक रङको प्रयोग भएको देखिन्छ, हामीले रङ मिसाएको खाद्यवस्तुलाई अखाद्य भन्दै आएका छौं,’ प्रमुख श्रेष्ठले भने, ‘रङ राखेर बनाइएका र पछि तेलमा तारेर बनाइने खानेकुराले क्यान्सर निम्त्याउने पदार्थको विकास गर्छ, त्यसैले रंगीन झिनियाँको प्रयोग गर्न बन्द गर्नुपर्छ, उपभोक्तालाई समेत रङ मिसाइएको झिनिया खरिद नगर्न हाम्रो आग्रह छ ।’ तेलमा नतारिने खानेकुरामा निश्चित मात्रमा खाद्य रङ प्रयोग गर्न सकिने भए पनि तेलमा तारेको वस्तुमा रङ मिसाउदा क्यान्सरको जोखिम बढाउने छ ।

एक केजी खाद्यपदार्थमा ०.२ ग्रामभन्दा बढी रङ प्रयोग गर्न नमिल्ने कानुनी व्यवस्था रहेको उनले जानकारी दिए । उपभोक्तामा रंगीन झिनियाँका कारण क्यान्सर रोगको जोखिम हुन्छ भन्ने चेतना फैलाउन नसक्दा यसको उत्पादन र बिक्री वितरण रोक्न नसकिएको प्रमुख श्रेष्ठको भनाइ थियो । उपभोक्ताले भने सेतो झिनियाँ खरिद गर्न नमान्ने भएकाले सामान्य रङ मिसाएर झिनियाँ बनाउँदै आएको बागलुङ नगरपालिका-१ रामरेखाकी झिनियाँ व्यवसायी शर्मिला श्रेष्ठले बताइन् । उनले खाद्यप्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयले भनेअनुसार रङ प्रयोग गर्ने गरेको जानकारी दिइन् ।

रङ प्रयोग गरिएको भन्दै स्थानीय घरेलु उत्पादनको रूपमा चलिरहेका झिनियाँ रोटीका उद्योगलाई बन्द गर्दा सयौंको रोजिरोटी गुम्ने भएकाले विस्तारै रङको प्रयोग घटाउँदै लैजाने गरी उत्पादनकर्तालाई सचेत बनाउँदै लगिने बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताए । *रासस*

## Samriddhi Finance — समृद्धि फाइनान्स कम्पनी लिमिटेड
**Samriddhi Finance Company Limited**

Partnership for Prosperity

नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको इजाजतपत्र प्राप्त संस्था

**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९

E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

## Interim Financial Statement

### Condensed Statement of Financial Position
1st Quarter End of Fiscal Year 2080/081

Fig in '000

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 188,971 | 409,033 |
| Due from Nepal Rastra Bank | 85,989 | 126,040 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | - | 15,555 |
| Loans and advances to customers | 1,413,166 | 1,513,695 |
| Investment securities | 347,188 | 315,738 |
| Current tax assets | 6,618 | 5,677 |
| Investment in susidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 86,212 | 113,577 |
| Property and equipment | 144,412 | 141,750 |
| Goodwill and Intangible assets | 2,556 | 2,718 |
| Deferred tax assets | 25,765 | 22,482 |
| Other assets | 33,703 | 33,118 |
| **Total Assets** | **2,334,579** | **2,699,381** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | 92,848 | 354,755 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 1,523,331 | 1,610,644 |
| Borrowing | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 106,527 | 104,559 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **1,722,705** | **2,069,958** |
| **Equity** | | |
| Share capital | 818,911 | 818,911 |
| Share premium | 19,703 | 19,703 |
| Retained earnings | (462,673) | (440,989) |
| Reserves | 235,933 | 231,797 |
| Total equity attributable to equity holders | 611,874 | 629,423 |
| Non-controlling interest | - | - |
| **Total equity** | **611,874** | **629,423** |
| **Total Liabilities and equity** | **2,334,579** | **2,699,381** |

### Condensed Statement of Profit or Loss
1st Quarter End of Fiscal Year 2080/081

Fig in '000

| Particulars | This year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 60,408 | 60,408 | 70,939 | 70,939 |
| Interest expense | 42,190 | 42,190 | 46,770 | 46,770 |
| Net interest income | 18,218 | 18,218 | 24,169 | 24,169 |
| Fee and commission income | 696 | 696 | 2,443 | 2,443 |
| Fee and commission expense | - | - | - | - |
| **Net fee and commission income** | **696** | **696** | **2,443** | **2,443** |
| **Net interest, fee and commission income** | **18,914** | **18,914** | **26,612** | **26,612** |
| Net trading income | - | - | - | - |
| Other operating income | 4,742 | 4,742 | 169 | 169 |
| **Total operating income** | **23,656** | **23,656** | **26,781** | **26,781** |
| Impairment charge/(reversal) for loans and other losses | 5,456 | 5,456 | 37,837 | 37,837 |
| **Net operating income** | **18,199** | **18,199** | **(11,056)** | **(11,056)** |
| Operating expense | | | | |
| Personnel expenses | 18,154 | 18,154 | 13,922 | 13,922 |
| Other operating expenses | 9,131 | 9,131 | 10,139 | 10,139 |
| Depreciation & Amortisation | 4,602 | 4,602 | 1,384 | 1,384 |
| **Operating Profit** | **(13,687)** | **(13,687)** | **(36,501)** | **(36,501)** |
| Non operating income | 3,800 | 3,800 | 5,039 | 5,039 |
| Non operating expense | - | - | - | - |
| **Profit before income tax** | **(9,887)** | **(9,887)** | **(31,463)** | **(31,463)** |
| Income tax expense | | | | |
| Current Tax | - | - | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **(9,887)** | **(9,887)** | **(31,463)** | **(31,463)** |
| **Condensed Statement of comprehensive income** | | | | |
| Profit for the year | (9,887) | (9,887) | (31,463) | (31,463) |
| Other comprehensive income | (7,662) | (7,662) | (3,571) | (3,571) |
| Fair value gain/(loss) on investment securities valued at FVOCI | (7,662) | (7,662) | (3,571) | (3,571) |
| Revaluation of Fixed Assets (land) | - | - | - | - |
| **Total comprehensive income for the period** | **(17,549)** | **(17,549)** | **(35,033)** | **(35,033)** |
| Basic earnings per share | (1.21) | (1.21) | (4.24) | (4.24) |
| Annualized basic earnings per share | (4.83) | (4.83) | (16.96) | (16.96) |
| Profit attributable to: | | | | |
| Equity-Holders of the Bank | (17,549) | (17,549) | (35,033) | (35,033) |
| Non-Controlling Interest | - | - | - | - |
| **Total** | **(17,549)** | **(17,549)** | **(35,033)** | **(35,033)** |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 20.40 | | 25.97 |
| Non-Performing Loan(NPL) to Total Loan | | 4.79 | | 6.01 |
| Total Loan Loss Provision to Total NPL | | 74.21 | | 111.45 |
| Cost of Funds | | 10.08 | | 9.49 |
| Credit to Deposit Ratio | | 88.66 | | 88.69 |
| Average Credit to Deposit Ratio | | 90.79 | | |
| Base Rate | | 18.31 | | 14.38 |
| Interest Spread Rate | | 4.58 | | 4.96 |

### Statement of Distributable Profit or Loss

| Particulars | Current Year |
|---|---|
| **Opening Retained Earning** | **(440,989)** |
| **Net profit or (loss)as per statement of profit or loss** | **(9,887)** |
| **Appropriations:** | |
| a.General reserve | - |
| b.Foreign exchange fluctuation fund | - |
| c.Capital redemption reserve | - |
| d.Corporate social responsibility fund | - |
| e.Employee' training fund | - |
| **Profit or (loss) before regulatory adjustment** | **(450,876)** |
| **Regulatory adjustment:** | |
| Regulatory adjustment as per NRB Directive | (11,797) |
| **Distributable profit or (loss)** | **(462,673)** |

1. This figures are subject to change as per the direction of the Regulator/External Auditor.
2. The above financial have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as issued by the Nepal Accounting Standard Board after carve out issued by ICAN.
3. Previous year figures have been regrouped, rearranged and reclassified wherever necessary for fair presentation.
4. Loans and advances are presented along with accrued interest and staff loans net of impairment charges.
5. Detailed Interim Report has been published in Company's website (www.sfcl.com.np)

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLANKET LAUNDRY**

पुर्व स्वीकृति मिति २०८०/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१६ | LT. No. 286806 | चलानी नं ६०२०२२५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing Worker | 0 | 1 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031

Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **APEX TAILORS**

पूर्व स्वीकृति मिति : २०७८/१०/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१६ | LT. No.256641 | चलानी नं. ६०१७३९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 2 | 0 | 1500 | ५४,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.** श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SANA FOR ELECTRICAL AND TELEPHONE COMPANY WLL-FOREIGN BRANCH COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०७/१६ | LT. No. 294680 | चलानी नं. ६०२०९७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 1 | 0 | 150 | ५२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ROAYA AL MUMAYAZ COMPANY FOR PROVIDING MEALS**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | LT. No. 294236 | चलानी नं. ६०२०९६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NORTH RURAL TRADING EST**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | LT. No. 294573 | चलानी नं. ६०२०९६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING WORKER | 1 | 0 | 1200 | ४२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **KHIZAR HAYAT NAZAR HUSSAIN CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | LT. No. 293842 | चलानी नं. ६०२०९६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1200 | ४२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४२,६२५ | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 1200 | ४२,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PIONEERS OF GLOBAL EXCELLENCE CO.LTD**

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | LT No. 294618 | चलानी नं. ६०२०९६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

# मौसम परिवर्तनसँगै बिरामीको चाप बढ्दो

**वीरगञ्ज (पर्सा)–** मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र डेंगीका बिरामीको चाप बढेको छ ।

बिहान तथा बेलुका जाडो र दिउँसो हुने गर्मीका कारण सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी निकै बढेका छन् । वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी, बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निकै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

दुधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता आएको मौसमी परिवर्तनले अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए ।

मौसममा आएको परिवर्तनका कारण रुघाखोकी, ज्वरो, निमोनियालगायत बिरामी दैनिक करिब २० देखि २५ जनासम्म उपचारका लागि आउने गरेको उनले बताए । यस्तै पछिल्लो केही दिनयता दैनिक चार/पाँच जनासम्म डेंगी संक्रमित बिरामी उपचारका लागि आउने गरेको प्रवक्ता डा. सिंहको भनाइ थियो ।

अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शयचाको अभाव भएको र भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए । यसैबीच बढ्दो डेंगी संक्रमणलाई दृष्टिगत गरी वीरगञ्ज महानगरपालिकाले 'खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिएको छ ।

